RR Interdisciplinary Journal
Vol. 5, No. 5, 80-88, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78928

# नेपालमा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणको सवाल

डा. अश्वस्थामाभक्त खरेल[1]

**लेखसार**

*नेपालमा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणको लागि भएका प्रयासहरुको अध्ययन तथा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणको क्रममा देखा परेका समस्या एवं चुनौतीहरुको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । । द्वितीय तथ्याङ्कमा आधारित भएर गुणात्मक रुपमा विश्लेषण गरी प्रस्तुत लेख तयार गरिएको छ । संरक्षित क्षेत्र र वरपरका जैविक विविधता संरक्षणका कारण नेपाल प्राकृतिक सम्पदामा विश्वमै धनी राष्ट्रहरुमध्येमा रहेको देखिन्छ । हिमाल, पहाड र तराई मधेससम्म फैलिएका संरक्षित क्षेत्रहरु नेपालको अद्बितीय प्राकृतिक सम्पदा र गहनाको रुपमा रहेका छन् । प्रकृति संरक्षणको लागि नेपालमा छुट्याइएको भूभागको अन्तर्राष्ट्रिय जगतमा प्रशंसा हुने गरेको देखिन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन एवं व्यवहारिक पक्षलाई नजरअन्दाज गर्दै प्रकृति संरक्षण गर्नुपर्ने राज्यको दयित्व देखिएको छ । जनसङ्ख्या र भूगोलको हिसाबले नेपाल मझौला मुलुक भएपनि लोपोन्मुख वन्यजन्तु संरक्षण र जैविक विविधताका हिसाबले विश्वमै अग्रणी रहेको अध्ययनले देखाएको छ । बढ्दो शहरीकरण र औद्योगिकीकरणसँगै प्रकृतिलाई चुनौती दिइरहेको बेला जैविक विविधताको संरक्षणलाई संघ, प्रदेश र स्थानीय सरकारले एकापसमा समन्वय गरी उच्च प्राथमिकतामा राख्न सकेको देखिदैन । पारिस्थितिक प्रणाली व्यवस्थापनमा चुस्तता ल्याउनु एकातर्फ आवश्यक छ भने अर्कोतिर प्रजातिहरु लोप हुने निरन्तर अवस्थालाई रोक्न ठोस कार्यक्रमहरु ल्याउनु जरुरी भएकोले यस अध्ययनको उपादेयता रहेको छ ।*

***शब्दकुञ्जी :*** जैविक विविधता, वन्यजन्तु, पर्यटन, संरक्षण क्षेत्र, दिगो विकास

## विषय परिचय

नेपालमा पाइने वन्यजन्तु, वनस्पति र जैविक विविधता तथा तिनको समग्र पारिस्थितिक प्रणालीलाई संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने उद्देश्यले वि.सं. २०३७ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भयो । नेपालमा रहेका विभिन्न वनस्पति वन्यजन्तु भू-दृश्यहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा विभागले कार्य गर्दै आएको छ । नेपालमा १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र तथा १३ मध्यवर्ती क्षेत्र घोषणा भएको छ । ६ वटा संरक्षण क्षेत्रहरुमध्ये ३ वटा राष्ट्रिय प्रकृति संरक्षण कोष, २ वटा नेपाल सरकार तथा १ वटा स्थानीय बासिन्दाले नै संरक्षण र व्यवस्थापन गर्दै आएका छन् । संरक्षित क्षेत्रहरुले कूल १ लाख ४७ हजार ५ सय १६ वर्ग किलोमिटर क्षेत्रफलको २३.३३ प्रतिशत भू-भाग ओगटेको छ (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०८०) । संरक्षित क्षेत्रहरुले हिमाली तथा उच्च पहाडी जल भूभागदेखि तराईका मैदानी भागसम्म देशका मुख्य-मुख्य पर्यावरणीय प्रणालीलाई समेटेको छ । प्राकृतिक सम्पदाको संरक्षणमा नेपालले दक्षिण एसिया क्षेत्रमा विशिष्ट स्थान हासिल गरेको छ (DNPWC, 2077: p.1) । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी भएसँगै प्रकृति संरक्षणको कार्य औपचारिक थालनी भएको थियो । यसअघि गैंडा गस्ती संरक्षण अभियान, वि.सं. २०१८ मा आरम्भ गरिएको थियो । विश्व वन्यजन्तु कोषले नेपालमा कार्यालय स्थापना गरेर प्रकृति संरक्षणमा साथ दिंदै आएको छ (रातोपाटी, २०७५: पृ.१) ।

नेपालको पर्यटन उद्योगको पहिलो आधार संरक्षित क्षेत्र भएकाले पनि यसको संरक्षण र संवर्द्धनमा उच्च प्राथमिकता दिनुपर्ने हुन्छ । प्राकृतिक दृश्यको आधारमा अन्नपूर्ण पदमार्ग विश्वमै उत्कृष्ट मानिएको छ (Thapa,

[1] उपप्राध्यापक, राजनीतिशास्त्र विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: aswasthama.kharel@gmail.com, ORCID: https://orcid.org/0009-0009-9203-4040

2020: p.1) । चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत छ (UNESCO, 2020: p.1) । त्यसैगरी कोशी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्जको बिसहजारी ताल, लाङटाङ राष्ट्रिय निकुञ्जको गोसाइँकुण्ड र वरिपरिका ताल, शे-फोक्सुण्डोताललाई रामसार सूचीमा सूचीकृत गरिएको छ (Ramsar, 2020: p.1)। रामसार सूचीमा समावेश गरिएका नेपालका दशवटा सिमसार क्षेत्रको कुल क्षेत्रफल ६० हजार ५६१ हेक्टर रहेको देखिन्छ (Khadka, 2024, p. 3) । प्राकृतिक सम्पदा तथा जैविक विविधताले भरिपूर्ण देश नेपालको प्रकृतिले विश्वभरका मानिसहरुको मन खिचेको छ । संरक्षित क्षेत्रहरुमा पाइने विविधताले स्वदेशी वा विदेशी जो कोहीलाई पनि आकर्षित गर्दछ ।

जैविक विविधता र प्राकृतिक सौन्दर्यतालाई दिगो रुपमा बचाई राख्नका लागि प्रकृति संरक्षणका क्षेत्रहरुको संरक्षण र संवर्द्धन गर्नुपर्ने हुन्छ । प्रजाति र पारिस्थितिक प्रणालीलाई सन्तुलन राख्न यसले ठुलो योगदान गर्दछ । वनस्पति एवं जीवजन्तुको मुख्य आश्रयस्थल प्रकृति संरक्षण क्षेत्र रहेको तथा परागसेचन, भूक्षय नियन्त्रण र जलचक्रलाई नियमित गर्नका लागि पनि जैविक विविधताको संरक्षण आवश्यक हुन्छ । पर्यावरणलाई जोगाइराख्न मात्र नभई आर्थिक र सामाजिक हितका लागि पनि प्रकृति संरक्षणको विकास भएको देखिन्छ। पानी शुद्ध गर्न, वायु प्रदूषण रोक्न र बाढी-पहिरो/कटानबाट बचाउन प्रकृति संरक्षण अपरिहार्य रहेको छ । प्रकृति संरक्षण हुन सक्दा अझ धेरै विदेशी/स्वदेशी पर्यटकहरु घुम्न एवं दृश्यावलोकन गर्न आउने र यसले आर्थिक क्रियाकलापहरु बढ्न जाँदा अर्थतन्त्रलाई चलायमान बनाउँछ । औषधीजन्य वनस्पतिहरु पनि उपलब्ध हुने हुँदा प्रकृति संरक्षणको महत्व र उपयोगितालाई नकार्न सकिदैन । विश्वविद्यालय तथा विद्यालयका छात्रछात्रा एवं अनुसन्धानकर्ताहरुका लागि पनि प्रकृति संरक्षण क्षेत्रहरुबाट पर्याप्त ज्ञान हासिल गर्न सक्ने देखिन्छ। साथै, परम्परा, धर्म, संस्कार, संस्कृतिहरु प्रकृतिसँग जोडिएका हुन्छन् । विश्वमा जलवायु परिवर्तनबाट परेका असरहरुबारे ठुलठुला बहस भैरहेको सन्दर्भलाई मनन गर्दा प्रकृति संरक्षण बढीभन्दा बढी गर्नुपर्ने दायित्व सबै राष्ट्रहरुमा देखिएको छ। वनस्पतिहरुले कार्बनडाइअक्साइड सोसेर जलवायु परिवर्तनको असरलाई कम गर्न सहयोग गर्ने र विपत्ति निम्तिन नदिने प्रकृति संरक्षण क्षेत्रहरुको महत्व अतुलनीय रहको देखिन्छ । नेपालमा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणका लागि भएका कार्यहरु तथा जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणका क्रममा देखा परेका समस्या एवं चुनौतीहरुको समस्या पहिचान गरी द्वितीय तथ्याङ्कका आधारमा गुणात्मक विधि अवलम्वन गरी विश्लेषणात्मक रुपमा अध्ययन गरिएको छ ।

प्राकृतिक स्रोत र वातावरणको सावधानीपूर्वक व्यवस्थापन गर्नु संरक्षण हो। प्रकृतिका आश्चर्यहरू वनजङ्गल, जलथल प्राणी-जनावर, चराचुरुङ्गी, कीराहरू भविष्यका पुस्ताहरूका लागि सुरक्षित सुनिश्चिताको लागि सकारात्मक र सक्रिय दृष्टिकोण नै प्रकृति संरक्षण हो । वन्यजन्तु, पानी, हावा र पृथ्वीका भण्डारहरू सहित प्राकृतिक स्रोतहरूको दिगो प्रयोग र व्यवस्थापनलाई यसले समेट्दछ। प्रकृति संरक्षण दिगो विकासभित्र समेटिएको एक प्रमुख तत्व हो । सन् १९९२ को रियो अर्थ शिखर सम्मेलनमा निर्धारित २७ सिद्धान्तहरूमध्ये "वातावरण र विकासको घोषणा" भावी पुस्ताले पनि आफ्ना आवश्यकताहरू पूरा गर्न सक्ने अधिकारसँग जोडिएका छन् । दिगो विकासको अवधारणा अनुकूल हुनेगरी प्रकृतिको उपभोग गर्नुपर्छ (Mirek & Witkowski, 2017: 68) । जैविक विविधता संरक्षणको आधारशिला निर्माण गर्नका लागि सरकारी स्तरबाट सुशासन र व्यवस्थापन समानतालाई प्राथमिकता दिनुपर्छ। साथै निर्णयहरूको पारदर्शितालाई पनि सुधार गर्नुपर्दछ जसले स्थानीय र स्रोत गतिशीलता प्रदान गर्छ (Maxwell; Cazalis; Dudley & et. all, 2020: 225) । असाधारण सौन्दर्य, असामान्य र आकर्षक भूवैज्ञानिक संरचनाहरू, क्षेत्रहरू र सौन्दर्य, ऐतिहासिक वा वैज्ञानिक मूल्यका प्राकृतिक वस्तुहरूलाई मानिसको नियन्त्रणभन्दा पर राख्नुपर्ने विषयलाई प्रकृति संरक्षण र वन्यजन्तु संरक्षण सम्बन्धी महासन्धि, १९४० ले समेटेको छ । आदिम अवस्थाहरुको विशेषता भएका क्षेत्रहरुको संरक्षण गर्नुपर्ने सवालहरुलाई समेत बाह्रवटा धारा रहेको महासन्धिले प्राथमिकतामा राखेको छ ।

मध्य नेपालको अन्नपूर्ण संरक्षण क्षेत्र र पूर्वी भागमा तिनजुरे-मिल्के-जलजले जङ्गलहरू जस्ता स्थानीय रूपमा उखेलिएका धेरै क्षेत्रहरूलाई पुनः उपनिवेशतर्फ धकेलेको छ (Ghimirey; Acharya; *Yadav & et. all***,** 2024: 1) । मासु र ट्रफीको लागि अवैध रुपमा हुने शिकारले नेपालमा थोरै सङ्ख्यामा रहेको जङ्गली चौँरीलाई जोखिममा पारेको छ (Kusi; Manandhar; Senn & et. all,2021: 8310)। जतिसुकै धनी र सम्पन्न राष्ट्रहरुमा प्रकृति संरक्षणको

सवाल विश्वव्यापी रुपमा उठ्ने गरेको छ। वासस्थानको विनास, सघन कृषि, अति चरन, अण्डरग्राजिङ, पोषक तत्व संवर्द्धन, प्रदूषण, जलविज्ञान परिवर्तन, चोरी शिकारी साझा समस्याका रुपमा रहेका छन् । यसका लागि प्राथमिकताहरुको सूची तय गर्ने, योजना निर्माण गर्ने, अनुगमन गर्ने, प्रजाति व्यवस्थापन, बासस्थान व्यवस्थापन, कानुन, जनचेतना र संरक्षणका प्रविधिहरु मार्फत समाधानको बाटो पहिल्याउन सकिन्छ (Sutherland, 2020: 1) । मानिसहरूलाई प्रकृतिसँग टाढा राख्ने होइन कि यससँग निरन्तर जोडिराख्नुपर्छ । वातावरणीय बचाउ आन्दोलनले प्रकृति संरक्षणका मुद्दाहरूको बारेमा चेतना जागृत गराएर यसलाई थप उत्थान गर्दछ ।

नेपालको तराई र भावर क्षेत्रमा उष्ण हावापानी, पहाडी क्षेत्रमा समशितोष्ण र उच्च हिमाली क्षेत्रमा शीतोष्ण हावापानी रहेकोले नै यहाँ प्रचूर जैविक विविधता पाइएको हो । नेपालमा ११८ किसिमका वन पर्यावरणीय प्रणाली छन् भने २०७ प्रजातिका स्तनधारी, ८६७ प्रजातिका चरा, ४३ प्रजातिका उभयचर, १०० प्रजातिका सरिसृपह र १८५ प्रजातिका माछा पाइन्छन् । यसका साथै ६५३ थरिका पुतली, ३९६६ भन्दा बढी मोथ (राति उडने पुतली), ५००० भन्दा बढी किरा, २०० प्रजातिका माकुरा र ६००० भन्दा बढी फूल फुल्ने वनस्पती, ४७१ प्रजातिका स्याउ, १८२२ प्रजातिका ढुँसी र ३८३ प्रजातिका उन्यू पाइन्छन् । नेपालमा ५०० बढी प्रजातिका खानयोग्य अन्नबालीमध्ये २०० प्रजातिको खेती गरिन्छ । आइयू.सी.एन.को सङ्कटापन्न प्रजातिको सूचिमा नेपालका ३२ प्रजातिका स्तनधारी, ३४ प्रजातिका चरा, ९ प्रजातिका सरीसृप, ३ प्रजातिका उभयचर र ७ प्रजातिका वनस्पती परेका छन् (सुवेदी, २०७५: पृ.२) । नेपालमा पाइने ११८ पारिस्थितिक प्रणालीमध्ये ८० प्रकार संरक्षित क्षेत्रभित्र रहेका छन् (Khadka, 2024, p. 3) । वातावरण सन्तुलित रुपमा कायम राख्न देशको करिब ४३ प्रतिशत भूमि वन क्षेत्रले ढाक्नुपर्ने मापदण्डलाई नेपालले पूरा गरेको देखिन्छ ।

नेपालको कुल क्षेत्रफलको करिब ४४.७४ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको र यो कृषि लगायत पर्यटन, उद्योग, जलस्रोत, वातावरण, जैविक विविधता, भौगोलिक विकास संरचना र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको छ (वन तथा भूसंरक्षण विभाग, २०८१) । नेपाल जैविक विविधताको हिसाबले विश्वको २५ औं र एशियाको ११ औं स्थानमा पर्दछ (भट्टराई, २०८१, पृ. २) । संसारमा विद्यमान सम्पूर्ण प्राणी, वनस्पती तथा सूक्ष्म जीवाणुमा पाइने प्रजातीय निम्नता, प्रकार र सङ्ख्या तथा तिनीहरु बीचको अन्तरसम्बन्ध नै जैविक विविधता हो । किटनाशक औषधि तथा मलको बढ्दो खपत, फोहरमैला र विषादियुक्त पदार्थहरु जथाभावी फाल्नु, वन सम्पदाको अत्यधिक उपयोग, अवैध शिकार, चोरीनिकासी, जैविक सम्पदाको व्यापार र तापमानले जैविक विविधतामा ह्रास आइरहेको देखिएको छ ।

## अध्ययन विधि

तथ्याङ्क सङ्कलनका क्रममा यथेष्ट मात्रामा द्वितीय स्रोतका सामग्रीहरू प्रयोग गरिएको छ। अध्ययनलाई पूर्णता दिनका लागि जैविक विविधता, प्राकृतिक सम्पदा, वातावरण, दिगो विकाससँग सम्बन्धित विद्वान लेखकहरुका पुस्तक, सरकारी तथा गैरसरकारी निकायका प्रतिवेदन, समाचारका विषयवस्तु, लेखरचना, बुलेटिन, शब्दकोष, वेबलिङ्कहरु तथा संविधान, ऐन, नियम, विनियम, निर्देशिका, नीति, रणनीति, योजना र कार्यक्रमहरुको अध्ययन गरिएको छ । साथै, अनुसन्धान समस्यासँग सम्बन्धित प्रकाशनहरुलाई समेत अध्ययनले समेटेको छ । नेपालको जैविक विविधता र प्राकृतिक सम्पदा संरक्षणका लागि संरक्षण क्षेत्रको सुरक्षा पोष्ट, सुरक्षा चौकी र वन रक्षकहरुले पुऱ्याएको योगदानबारे विश्लेषणात्मक र व्याख्यात्मक रुपमा अध्ययन गरिएको छ। यस अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेर तयार गरिएको छ ।

## विमर्श र नतिजा

वन तथा वन्यजन्तु संरक्षणका लागि वि.सं. १९२६ मा राजा सुरेन्द्रले उर्दी जारी गरेपछि औपचारिक रुपमा यसको शुरुवात भएको थियो। संयुक्त राज्य अमेरिकामा तीन वर्ष अघि यस्तै अवधारणाका लागि एक्लो स्टोन नेशनल पार्क स्थापना भएको थियो (अर्याल, २०७५) । यस सम्बन्धमा नेपालको अठोट वा कदम पुरानो मानिन्छ । मलेरिया (औलो) उन्मूलन हुनुभन्दा अघिसम्म नेपालको तराई क्षेत्र घना जङ्गलले घेरिएको थियो । तराई मधेसका सम्पूर्ण मैदानी भागहरुमा केही भन्सार क्षेत्र बाहेक चारकोसे झाडीले घेरिएको थियो । जयनगर-जनकपुर तथा रक्सौल-अमलेखगञ्ज रेलवे मार्ग निर्माण गर्ने नाममा जङ्गल कटान गर्ने र काठहरु भारत लैजाने कार्य शुरु भयो । यसले

वन्यजन्तुहरुलाई नराम्ररी असर पार्‍यो । पूर्व पश्चिम महेन्द्र राजमार्गको निर्माणपछि चारकोसे झाडी इतिहासमा मात्रै सीमित हुन पुग्यो । सुकुम्बासीका नाउँमा हुकुम्बासीहरुले वन फडानी गरेर अरु क्षति पुर्‍याउने काम भयो । तराई मधेस क्षेत्रको जङ्गल पातलिदै गएको देखिन्छ । वन्य जन्तुहरु प्राकृतिक वासस्थानको अभावमा वस्तीहरुमा पस्न पुग्नु यस्कै कारण हो । पहिले-पहिले “चितवनको गैंडा हात्ती मयूरको ताँती” भनेर गीत घन्कन्थ्यो । अहिले त्यो देख्न दुर्लभ भएको छ । गैंडाहरु वासस्थानका अभावमा स्थानान्तरण गर्नु परिरहेको छ । जङ्गलको छेउसम्मै घनाबस्ती र खेतीपाती हुने गरेको छ । जङ्गल क्षेत्रमा पूरा तारबार नहुँदा र तारबार भएपनि भत्किएर वन्यजन्तुहरु मानव बस्ती तथा खेतीपातीमा पसेर नोक्सानी पुगिरहेको छ । जङ्गल क्षेत्रका बस्तीहरुबाट जङ्गलभित्र घाँसपात गर्न हिँडेका मानिसहरु जङ्गली जनावरहरुबाट मारिने र घाइते हुने गरेका छन् । बस्तीभित्रै पनि जङ्गली जनावरहरुको आक्रमण हुने गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा एक वर्षको अवधिमा पशु धन क्षति भएका बाँके राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका चार सय ५७ किसानलाई रु ३० लाख १८ हजार चार सय १० क्षतिपूर्ति वितरण भएको छ । त्यसमध्ये अन्नबाली क्षतिका दुई सय ७२ घटनामा रु १० लाख ६९ हजार तीन सय क्षतिपूर्ति वितरण गरिएको छ (रासस, २०८१) । संरक्षित जनावरको चोरी-सिकारीको मुद्दा अदालत र अन्य जनावरको मुद्दा निकुञ्जले हेर्ने कानुनी व्यवस्था रहेको छ (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९) । निकुञ्ज, संरक्षण क्षेत्र र आरक्षको सुरक्षाका लागि सम्बन्धित कार्यालयका अलावा सुरक्षा पोष्ट, सुरक्षा चौकी, रेञ्ज पोष्ट र नेपाली सेना सुरक्षा जाँच चौकी खडा गरिएको छ । निकुञ्जको प्रभावकारी सुरक्षा व्यवस्थापनमा सबै सुरक्षा निकाय, स्थानीय समुदाय र सरोकारवालाबीच आपसमा समन्वय गर्नुपर्ने खाँचो देखिएको छ । साथै वन्यजन्तु अपराध नियन्त्रणमा खटिने निकुञ्जका कर्मचारी र सुरक्षा निकायको क्षमता बढाउनुका साथै नवीनतम प्रविधिको प्रयोगमा बढी जोड दिनुपर्ने देखिन्छ (रासस, २०८०) । सुरक्षा निगरानी कडा हुँदा सन् २०१८ सम्म ५० को संख्यामा रहेको बाघको संख्या सन् २०२३ मा ३ सय ५५ पुगेको छ । बाघको संख्या वृद्धिसँगै मानिसहरुमाथि आक्रमणका घटनाहरु समेत बढिरहेको देखिएको छ । आर्थिक वर्ष २०७८-७९ मा २१ र २०७९-८० मा १२ जनाको मृत्यु बाघको आक्रमणबाट भएको देखिन्छ (बीबीसी, २०२३, पृ.२) ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ र निर्देशिका २०५६ ले निकुञ्ज वा आरक्षको वन पैदावार उपयोग र चरिचरणमा प्रतिबन्ध लगाएको छ । तर त्यहाँका वन्यजन्तुले पुर्‍याउने हानि भने सहनुपर्ने बाध्यता रहेको छ । नम्बरी जग्गाको बालीनाली जंगली जनावरले खायो वा क्षति गरेमा क्षतिपूर्ति पाइने व्यवस्था छ । त्यसका लागि फोटोसहित मध्यवर्तीले लेखेको मुचुल्का, जिल्ला कृषि ज्ञान केन्द्रको सिफारिसलगायत १० वटा प्रक्रिया अनिवार्य पूरा गर्नुपर्छ । यो निकै झन्झटिलो रहेको छ (माझी, २०८०, पृ.२) । जीर्ण सुरक्षापोष्ट एवं जाँचचौकी भवनहरुको ठाउँमा नयाँ निर्माण गर्ने, गस्तीका लागि स्थानीय डुङ्गा, मोटरबोट, साइकल, मोटर साइकल, घोडा, खच्चर, लाइट भेइकल, ट्याक्टर, सीसीटीभी, स्मार्टआई, ड्रोन, वाईफाई र पैदल गस्तीको व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

प्रकृति संरक्षण मात्रै होइन राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षको संरक्षणमा पनि नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । निकुञ्जभित्र रहेका वन्यजन्तुहरुको सुरक्षा र संरक्षणको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ । राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षित क्षेत्रमा नेपाली सेना खट्दै आएकोमा सरकारले चुरे लगायत वन क्षेत्रको संरक्षणमा पनि झण्डै ७ सय नेपाली सेनालाई परिचालन गर्ने निर्णय गरेको थियो (बीबीसी, २०१७) । सेनाले प्रकृति संरक्षणतर्फ चेतनामूलक कार्यक्रम अन्तर्गत सैनिक तथा गैरसैनिकलाई विभिन्न ९ प्रकारको तालिम सञ्चालन गर्दै आएको छ । यस प्रकारको तालिम आमा समूह, नागरिक समाज, आमसञ्चारकर्मी तथा होटेल व्यवसायी समेतलाई २/३ घण्टाको छोटो तालिम प्रदान गर्ने गरिएको छ । नेपालको राष्ट्रिय निकुञ्ज क्षेत्रको भ्रमणमा आउने विदेशीहरुलाई समेत त्यस्तो प्रकारको तालिमको प्रवन्ध गरिएको छ । तालिम पाउनेहरु सबै लाभान्वित भएका छन् । जनजागरणका लागि यस्ता तालिमहरु सर्वसाधारणलाई पनि पुर्‍याउन सकेको खण्डमा यस्को महत्व अरु बढेर जानेछ ।

राष्ट्रिय सुरक्षाको धरोहरका रुपमा रहँदै आएको नेपाली सेना प्रकृति संरक्षणका क्षेत्रमा समेत उत्तिकै क्रियाशील र प्रतिबद्ध रहँदै आएको छ। नेपालमा वि.सं. २०३४ देखि राष्ट्रिय निकुञ्जहरुमा सेना तैनाथ गर्न थालिएको हो । नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज, कसरास्थित प्रकृति संरक्षण शिक्षालय स्थापना गरिएको छ । बदलिँदो परिप्रेक्ष्यमा प्रकृति संरक्षण अभियानलाई अझै संस्थागत गरी आधुनिक प्रविधिमा आधारित संरक्षण मोडललाई आधुनिकीकरण गर्नु आवश्यक भैसकेको छ। प्रकृति संरक्षण सहकार्य गर्ने सम्पूर्ण निकायहरुलाई एकै ठाउँमा ल्याउने साझा अवसर प्रदान गरी संरक्षणकर्मीहरुलाई संयुक्त रुपमा दीक्षित गराई व्यवसायिक क्षमता अभिवृद्धिका लागि सहयोग पुऱ्याउने उद्देश्यकासाथ तत्कालीन प्रधान सेनापति गौरव शम्शेर जबराको परिकल्पना र ३१ औं वार्डेन सेमिनारको सङ्कल्प प्रस्तावअनुरुप नेपाली सेनाले चितवनको कसरा क्षेत्रमा शिक्षालयको स्थापना गरेको हो (नेपाली सेना, २०७२: पृ.१) । शिक्षालयमा अहिले नेपालका मात्र नभई अन्य विदेशी मुलुकबाट समेत संरक्षण मोडल अध्ययन गर्न संरक्षणकर्मी आउने गरेका छन् । प्रकृति संरक्षण शिक्षालयमा संरक्षण क्षेत्रमा खटिने पदिक तथा अन्य दर्जाका सैनिकलाई ८ हप्ताको डुङ्गा तथा मोटरबाटो सञ्चालन आधार तालिम, २ हप्ताको प्रकृति संरक्षण तथा सुरक्षा प्रि-इन्डक्सन तालिम लगायतका तालिम प्रदान गरिन्छ। यस प्रकारको तालिममा नेपालका प्रमुख नदी र तालहरूको परिचय, डुङ्गा सञ्चालन हुने आधारभूत जानकारी, वाटरमेनसीप, जीवन बचाउ र उद्धार, नेपालको प्रचलित डुङ्गा सम्बन्धी जानकारी, संरक्षणको परिचय, संरक्षणमा नेपाली सेना, निकुञ्ज प्रशासनको महत्व, निकुञ्ज-जङ्गल अप्रेसन आदिको बारेमा प्रशिक्षित गराइएको देखिन्छ । नेपालको संरक्षण मोडल विश्वकै लागि नमूना रहेको छ। पछिल्लोपटक चितवन निकुञ्जले तीनपटक नै शून्य चोरी-शिकार वर्ष मनाएकाले पनि निकुञ्जका कर्मचारी र नेपाली सेनाको प्रशंसा हुँदै आएको छ (काठमाण्डु टुडे, २०७२: पृ.१) ।

अनुपम भौगोलिक विविधतासँगै उपलब्ध प्राकृतिक सम्पदा तथा जैविक विविधता नेपालका अमूल्य सम्पत्ति हुन् । अतः यसको संरक्षण तथा संवर्द्धन स्वाभाविक रूपमा राष्ट्रिय प्राथमिकताको विषय बन्ने गर्छ । यसक्रममा विभिन्न समयमा नेपाल सरकारद्वारा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको घोषणासँगै यसको संरक्षण कार्यमा नेपाली सेनाको संलग्नता रहँदै आएको छ। संरक्षण क्षेत्रअन्तर्गत नेपाली सेनाको गण तथा गुल्म नै खटिरहेको छ। ठूलो संख्यामा नेपाली सेनाको फौज संरक्षणकर्मीको रूपमा निरन्तर खटिरहनु गौरवको विषय हो । राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रहरुको सुरक्षाको काँध सेनाले सम्हालेको छ (ढुंगाना, २०६३: पृ.१) । प्राकृतिक स्रोतहरु, वनस्पती तथा वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्ने अधिकार सेनाले पाएको छ । सेनालाई धार्मिक र पर्यटकीय सम्पदा, सरकारी कार्यालय र भौतिक पूर्वाधार, निकुञ्ज तथा आरक्ष कार्यालयका कर्मचारीहरु तथा नियमानुसार संरक्षित क्षेत्रमा प्रवेश गरेका पर्यटकहरुको सुरक्षा गर्ने साथै संरक्षित दूर्लभ वन्यजन्तुहरु संरक्षित क्षेत्रभन्दा बाहिर गएको अवस्थामा संरक्षित क्षेत्र भन्दा बाहिर गएर पनि संरक्षण गर्ने काम सेनाको कार्यक्षेत्र भित्र तोकिएको छ। वन्यजन्तु संरक्षणको लागि सेनाले विभिन्न निकायहरुसँग समन्वय गरी कार्य गर्ने गरेको छ। सेनाले यसको नियन्त्रणको लागि पेट्रोल अप्रेसन, एम्बुस, सर्च एण्ड स्वीप, चेक प्वाईन्ट, लिङ्क अफ पेट्रोल, कोभर्ट अप्रेसन जस्ता चेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ (अर्याल, २०७५: पृ.१) ।

राष्ट्रिय सम्पदाको अभिलेख तथा संरक्षण गर्नुपर्ने, हानीनोक्सानी गर्न नहुने, वातावरण संरक्षण क्षेत्र, खुला वा हरियाली क्षेत्रमा निषेधित कार्यमा रोक लगाउने (वातावरण संरक्षण नियमावली, २०७७: नियम ३२, ३३, ३४) व्यवस्थाका साथै नियम विपरीत कार्य गर्ने उपर सजाय, क्षतिपूर्ति तथा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कार एवं प्रशंसापत्रको व्यवस्था हुनु सकारात्मक पक्ष हो । वन्यजन्तु संरक्षणबाट प्राकृतिक वातावरण सन्तुलित राख्न वन्यजन्तुहरुको ठूलो भूमिका रहने र सन्तुलित प्राकृतिक वातावरणले अमूल्य प्राकृतिक सेवा पुऱ्याउँदछ । प्राकृतिक सौन्दर्य र जैविक विविधताले पर्यटकहरुलाई मन्त्रमुग्ध पार्ने गरेको छ। आन्तरिक र बाह्य पर्यटकहरुबाट उल्लेखनीय राजस्व आर्जन हुने र स्थानीयले रोजागरी समेत पाउने अवस्था रहन्छ। अद्वितीय प्राकृतिक वातावरण र महत्वपूर्ण वन्यजन्तुको बासस्थान भएकोले चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा समावेश गरिएको छ । नेपालको निकुञ्ज र संरक्षण क्षेत्रमा नेपाली सेनाको प्रत्यक्ष संरक्षणमा सुरक्षा व्यवस्था मिलाइएको हुनाले वन पैदावार तथा वन्यजन्तुहरुको चोरी शिकारी न्यूनीकरण देखिदै गएको हुँदा सकारात्मकतातिर उन्मुख देखिन्छ । प्रकृति संरक्षणका क्षेत्रहरुमा पर्यटनको अधिकतम सम्भावना भएपनि भौगोलिक विकटता र यातायातको

अभावलाई अबका दिनमा सहजतातिर लैजान सकियो भने स्वर्गरुपी प्रकृतिले विश्वका मानिसहरुको ध्यान केन्द्रित गर्दै नेपाल र नेपालीको मुहार फेरि सुख र समृद्धिको बाटोमा अघि बढ्न हेस्टेमा हैंसे हुने देखिन्छ । संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको सहकार्य हुनु आवश्यक छ ।

## चुनौती र समस्याहरू

राजनीतिक अस्थिर हुँदा र वि.सं. २०५२ देखि २०६३ सम्म मुलुक सशस्त्र द्वन्द्वको भूँमरीमा फस्दा आन्तरिक सुरक्षा फितालो भएका कारण विगतमा वन्यजन्तुहरु मारिने र चोरी तस्करी मौलाएको थियो । प्रकृति र वन्यजन्तु संरक्षणको कार्य निकै चुनौतीपूर्ण बन्दै गइरहेको छ (फुँयाल, २०१९: पृ.१) । नेपाली सेनाले प्रकृति, धार्मिक, साँस्कृतिक र वन्यजन्तुको संरक्षणमा पुनर्जीवन दिएको छ । पछिल्लो पचास वर्षमा ६० प्रतिशत वन्यजन्तु लोप भएका छन् । एउटै पनि गैंडा नमारिएको २०११ देखि २०१८ को समय वन्यजन्तु संरक्षणका लागि स्वर्णयुग थियो । यस अवधिमा नेपालमा गैंडाको शून्य चोरी शिकार कायम गर्न सफल भएकोमा नेपाली सेनाको सम्बन्धित निकुञ्जमा तैनाथ गणलाई पुरस्कृत गरिएको छ (रातोपाटी, २०७५: पृ.१) । सन् २००३ मा एकैवर्ष ३५ गैंडा मरेका थिए । आर्थिक वर्ष २०७६/७७ मा वन्यजन्तुको आक्रमणका कारण देशका विभिन्न स्थानमा ३० जनाको मृत्यु, ११८ जना गम्भीर घाइते र १९ जना सामान्य घाइते भए (बीबीसी, २०१९: पृ.१) । ध्रुवे हात्तीपछि अर्को रोनाल्डो हात्तीको त्रास देखिएको र वन्यजन्तुका कारण निकुञ्ज छेउका मानिसहरु जोखिममा परिरहेका छन् । वन्यजन्तुको बासस्थानमा मानिसहरूले अतिक्रमण गर्ने क्रम बढेपछि वन्यजन्तुबाट मानिसलाई जोखिम समेत बढेको छ, जसका कारण मानिस र वन्यजन्तु दुवै डरैडरको अवस्थामा छन् । वन्यजन्तुको बासस्थानमा मानवीय गतिविधि बढेको छ (फुँयाल, २०१९: पृ.१) । यस प्रकारका घटना वर्षेनी हुँदै जाँदा चुनौतीको पर्खाल भत्काउन सरकार र प्रकृति संरक्षण क्षेत्रको सुरक्षा जिम्मेवारी लिएको नेपाली सेना समेतको निकायलाई निकै कसरत गर्नुपर्ने हुन्छ । धनजन र बालीनालीको क्षतिपूर्ति वापत सरकारले वर्षेनी करोडौं रुपैया खर्च गर्ने गरेको छ । वन क्षेत्र खुम्चिदै जान थालेपछि जङ्गली जनावर गाउँ, शहर र बस्तीहरुसम्म पस्न थालेका छन् । यदाकदा काठमाडौँ र पोखराको शहरी क्षेत्रमा बाघ पसेको र तराई मधेसमा हात्ती आतङ्कले जनजीवन अहसज तुल्याइरहेको देखिएको छ ।

पाँचदशक अघिसम्म तराई मधेसको दुई तिहाई भूभागमा जङ्गल थियो । अहिले यो भूभाग खुम्चिएको छ । निकुञ्जमा खटिने कर्मचारी, सुरक्षागार्ड र सेनाहरुका लागि भवन, बिजुली बत्ती र सञ्चार उपकरणहरु उपलब्ध भएपनि सुविधासम्पन्न र पर्याप्तता छैन । हिजोका कठिन परिस्थितिहरु अहिले नभएपनि समय बदलिएसँगै समस्या र चुनौतीहरु पनि उत्तिकै थपिएका छन् । आवश्यक स्रोत, साधन, बजेटको अभाव सँधै खट्किने गरेको छ । संरक्षित क्षेत्रहरुको भौगोलिक कठिनाईका कारण यसको संरक्षण तथा व्यवस्थापन चुनौतीपूर्ण रहेको छ । तत्कालीन रक्षामन्त्री ईश्वर पोखरेलले बढ्दो चुरे दोहन रोक्न सरकारले आर्थिक वर्ष २०६७/६८ देखि चुरे संरक्षणका लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति गठन गरेर कार्यक्रम लागू गरेको भए पनि प्रभावकारी हुन नसकेको, तराई-मधेसको जीवन मानिएको चुरे नासिँदा तराई मरुभूमि बन्ने र भित्री मधेस पनि अस्तव्यस्त हुने बताउनुभएको थियो (जनबोली, २०७५: पृ.१) । विद्युतीकरणले वन जङ्गल फडानी हुँदा वन्यजन्तुहरुको लोप तथा सुरक्षामा चुनौती देखिएको छ । संरक्षण क्षेत्रहरुबाट हुने विद्युतीकरण र सडक निर्माण गर्ने कार्यले जैविक मार्गलाई ठूलो असर पारेको छ । वन्यजन्तुहरू एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्न कठिनाई पुगेको देखिएको छ । कुनै पनि वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुड झिक्ने, नष्ट गर्ने वा खलबल गरी दिने आपराधिक कार्यहरु नियन्त्रण गर्नु प्रमुख चुनौतीको विषय बनेको छ ।

## संरक्षित क्षेत्रको उपयोगिता

नेपालका संरक्षित क्षेत्रहरु सामाजिक, धार्मिक र साँस्कृतिक धरोहर हुन् । यसले जैविक विविधता र पर्यावरण सन्तुलन कायम गर्नमा सहयोग पुऱ्याएको देखिन्छ । संरक्षित क्षेत्रका गहनाका रुपमा नदी नाला, चुरेपहाड, वन जङ्गल, घाँसे मैदान, वन्यजन्तुहरु रहेका छन् । यी क्षेत्रहरुमा रैथाने र बसाई सरेर आउने चराचुङ्गीहरुले प्रकृतिलाई मनोरम तुल्याएको देखिन्छ । नेपालका संरक्षित क्षेत्रहरुमा सबै प्रकारका उचाई र हावापानीको विविधता रहेको छ । संरक्षित क्षेत्रमा वन्यजन्तुहरुको वृद्धिले प्राकृतिक वातावरणलाई जोगाइ राख्न सहयोग पुऱ्याएको छ । तर पनि यसले

मानव वस्ती र बालीनालीमा पुऱ्याएको असरलाई तीनै तहको सरकारले सम्बोधन गर्नुपर्ने हुन्छ । निकुञ्जभित्रका वस्तीहरु स्थानान्तरण गर्दाको जग्गा समस्या अझै अन्त्य हुन सकेको छैन । संरक्षण क्षेत्र आसपासका मानव वस्तीहरुलाई स्तानान्तरणमा राज्यले लाभदायी कार्यक्रमहरु तत्काल ल्याउनुपर्ने देखिन्छ । वन्यजन्तुको चोरी निकासी तथा शिकारीद्वारा हानी नोक्सानी हुने घटनाक्रमलाई सुरक्षा बलियो बनाउनु आवश्यक देखिएको छ । संरक्षित क्षेत्रको प्रशासन सङ्घीय निजामती सेवाबाट सञ्चालन हुने गरेको छ । यसैगरी संरक्षित क्षेत्रको सुरक्षा नेपाली सेना र निजामती अन्तर्गत वन सेवाका वनरक्षकहरुबाट हुने गरेको देखिन्छ । संरक्षित क्षेत्रको प्रशासन र सुरक्षा संयन्त्र एउटै निकायबाट सञ्चालन हुने व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नका लागि स्थापना गरिएको प्रधानमन्त्रीको संरक्षणमा रहने गरी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई प्रभावकारी बनाउनु मुख्य आवश्यकता हो । जस्ले गर्दा वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने, राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने र वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धानमा सघाउ पुग्न जाने देखिन्छ । प्राकृतिक स्रोतहरुको संरक्षणका लागि उपभोक्ता समूह र स्थानीय जनसमुदायलाई नै संलग्न गराउँदै लैजाने नीति सरकारले लिएपनि यसको प्रभावकारिता विस्तार हुन सकेको छैन । कतिपय संरक्षित क्षेत्रमा आम्दानीको मनग्य स्रोत रहेको र कतिपय संरक्षित क्षेत्रमा आम्दानी न्यून भएका कारण कार्यक्रमहरु सञ्चालनमा एकरुपता आउन सकेको देखिदैन । कोरोना भाइरसको महामारीले विश्व नै प्रभावित भैरहेको बेला नेपालमा पनि जनजीवन असामान्यतर्फ देखिएको थियो । कोभिड १९ महामारीपछि लामो समयसम्मको लकडाउन, सटडाउन, निषेधाज्ञा जारी हुँदा पर्यटन क्षेत्र चलायमान हुन सकेको थिएन । आन्तरिक र बाह्य पर्यटकहरुको गतिविधि करिब-करिब शून्य अवस्थामा पुगेको अवस्थाबाट अहिले फेरि पुरानै लयमा फर्किएको स्थिति छ । देशमा आर्थिक उपार्जनको बलियो सम्भाव्यता भएको संरक्षित क्षेत्रको प्रचारप्रसार गरेर आन्तरिक र बाह्य पर्यटकहरुको संख्या वृद्धि गर्नुपर्ने हुन्छ । जैविक विविधताको संरक्षण, पारिस्थितिक प्रणालीको स्थायित्व, जलवायु नियन्त्रण, पर्यटन एवं रोजागारीमा वृद्धि, शैक्षिक र अनुसन्धानात्मक कार्यक्रमहरु सञ्चालनमा यसले सकारात्मक प्रभावकारिता ल्याउँछ । वर्तमान र भावी पुस्ताका लागि संरक्षण क्षेत्र अत्यावश्यक रहेको छ । संघ, प्रदेश र स्थानीय सरकारले यसमा एकीकृत नीति, योजना र कार्यक्रमहरु ल्याउनुपर्ने देखिएको छ । बढ्दो शहरीकरण, तीव्र वन फडानी, औद्योगिकीकरण, अम्लीय वर्षा र जलवायु परिवर्तन जस्ता वातावरणीय चुनौतीहरुले जैविक विविधतामा पुऱ्याइरहेको असरलाई कम गर्न नेपालको संरक्षित क्षेत्रले ठुलो योगदान दिएको देखिन्छ ।

## निष्कर्ष

व्यवस्थित रुपमा नेपालमा वन्यजन्तुको संरक्षण वि.सं. २०३४ देखि गर्न थालिएपछि वनस्पति तथा जैविक तत्वहरुको पनि संरक्षण भैरहेको देखिएको छ । प्रकृति संरक्षणसँगै अमूल्य वनौषधिहरु प्रयोगमा ल्याउन तथा आन्तरिक एवं बाह्य पर्यटकहरुलाई भ्रमणका लागि समुचित व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय सरकारहरुले उच्च प्राथमिकताका साथ कानुन, नीति, रणनीति, योजना र कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ । संरक्षित प्राकृतिक स्थलहरुमा तीनै तहका सरकारी निकायबाट आयुर्वेदिक औषधि उद्योगधन्दा एवं कलकारखानाहरु चलाउन सकेको खण्डमा एकातिर देशको अमूल्य सम्पत्ति बाहिरिनबाट रोकिने र अर्कोतिर आर्थिक पक्ष पनि मजबुत हुन जाने देखिन्छ । वनपैदावार र वन्यजन्तु चोरी निकासी विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु उत्तिकै जरुरी देखिएको छ । चुरे क्षेत्र र महाभारतको फेदीमा दुवैतर्फ मोटरबाटो निर्माण गरी महाभारतका चुचुरोसम्म मोटरबाटो पुऱ्याउन सके नेपालको जैविक विविधता र प्राकृतिक सम्पदाको संरक्षणमा सघाउ पुग्न जाने देखिन्छ । नेपालको भविष्य र सम्पन्नताको मुख्य आधार जैविक विविधता र प्राकृतिक सम्पदा भएकोले यसको संरक्षण र संवर्द्धन गर्नु आवश्यक देखिएकोले थप अध्ययन अनुसन्धानका कार्यक्रमहरु अघि बढाउनु जरुरी देखिन्छ ।

## सन्दर्भ सूची


अर्याल, सुदर्शन (२०७५), *सेनाको तथ्याङ्क : ५० वर्षमा ६० प्रतिशत वन्यजन्तु लोप भए,* https://www.hamrakura.com/news-details/54134/design/

काठमाण्डु टुडे (२०७२), *प्रकृति संरक्षणका लागि दुई सय नेपाली सेना तयार,* http://www.kathmandutoday.com/2016/01/161625.html.

*गैंडा गस्ती संरक्षण अभियान, २०१८*

जनबोली (२०७५), *चुरेमा नेपाली सेना परिचालन गर्ने ओली सरकारको निर्णय,* https://www.janaboli.com/post/188591

ढुंगाना, चिरञ्जीवी (२०६३), *बढ्दैछ सेनाको सक्रियता र जिम्मेवारी,* http://annapurnapost.com/news/65189

*नेपालको संविधान, २०७२*

नेपाली सेना (२०७२), *प्रधानसेनापति गौरव शम्शेर जबराद्वारा नवनिर्मित प्रकृति संरक्षण शिक्षालयको समुद्घाटन,* प्रेस विज्ञप्ति, सैनिक जनसम्पर्क निर्देशनालय ।

*प्रकृति संरक्षण र वन्यजन्तु संरक्षण सम्बन्धी महासन्धि, १९४०*

फुयाल, सुरेन्द्र (२०७७), *प्रकृति संरक्षणः बाघ, गैंडा, हात्तीजस्ता दुर्लभ वन्यजन्तु संरक्षण प्रयासबारे बहस,* https://www.bbc.com/nepali/news-49330431

बीबीसी (सन् २०२३), *बाघको संख्या बढाउन सफल नेपाललाई अबको चुनौती के?* https://www.bbc.com/nepali/articles/cxrxdwrry2xo

बीबीसी (सन् २०१७), *वन संरक्षणमा सेना खटाउन कानून संशोधन,* https://www.bbc.com/nepali/news-39170944

भट्टराई, बन्दना (बैशाख २, २०८१), *रैथाने बाली प्रवर्द्धन र दिगो कृषि क्रान्ति,* https://www.setopati.com/blog/234597

*मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२*

*मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६*

माझी, सन्तबहादुर (माघ १७, २०८०), *मध्यवर्ती क्षेत्रका पीडा,* https://nagariknews.nagariknetwork.com/opinion/1424781-1706747304.html

रातोपाटी (२०७५), *वन्यजन्तु संरक्षणमा प्रेरित गर्न लक्षित कार्यक्रम,* https://ratopati.com/story/45622.

*राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९*

*राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९*

*राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१*

रासस (मंसिर १, २०८०), *निकुञ्जको सुरक्षा व्यवस्था थप चुस्त बनाउन निर्देशन,* बुलेटिन ।

रासस (साउन २९, २०८१), *मध्यवर्ती क्षेत्रका किसानलाई अन्नबाली जोगाउन मुस्किल,* बुलेटिन ।

*वातावरण संरक्षण नियमावली, २०७७*

सुवेदी, ऋषिराम (२०७५),राष्ट्रिय प्रकृति संरक्षण कोष, *सारसी,* २२(४२), १-१८ ।

*Convention on Nature Protection and Wild Life Preservation in the Western Hemisphere, 1940*

DNPWC (२०७७), *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,* http://www.dnpwc.gov.np/ne/

Ghimirey, Y.; Acharya, R.; Yadav, K. & et. all**.** (2024), Challenges and possible conservation implications of recolonizing dholes Cuon alpinus in Nepal, *Oryx Journal*, 58(3), 378-386. Doi:10.1017/S003060532300073X

Khadka, A. (April 25, 2024), *नेपालको संरक्षित क्षेत्रहरु- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र शिकार आरक्ष,* https://engineeringnepal.org/16753

Kusi, N.; Manandhar, P.; Senn, H. & et. all. (2021), Phylogeographical analysis shows the need to protect the wild yaks' last refuge in Nepal**,** *Ecology and Evolution*, 11(12), 8310-8318. Doi:10.1002/ece3.7660

Maxwell, S.L.; Cazalis, V.; Dudley, N. & et. all. (2020), Area-based Conservation in the Twenty-first Century, *Nature*, 586, 217-227. Doi: https://doi.org/10.1038/s41586-020-2773-z

Mirek, Z. & Witkowski, Z. (2017), Theory and Practice in Nature Conservation – Where to Seek Sustainability? *Papers on Global Change*, 24(1), 67-82. Doi:10.1515/igbp-2017-0006

Nepal Tourism Board (2020), *Climate if Nepal*, https://www.welcomenepal.com/plan-your-trip/climate.html

Ramsar (2020), *Nepal*, https://www.ramsar.org/wetland/nepal

Sutherland, W.J. (2020), *The Conservation Handbook: Research, Management and Policy*, UK: University of Cambridge, Blackwell Scientific.

Thapa, Balram (2020), *Top 10 Great Reasons to do the Annapurna Base Camp Trek,* https://www.nepalhikingteam.com/some-great-reasons-to-choose-annapurna-base-camp-trek/

UNESCO (2020), *World Heritage List*, https://whc.unesco.org/en/list/